*"आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण विकासको आधार।*
*शिक्षा, स्वास्थ्य, कृषि र सडकको सम्बृद्धि भजनीको पूर्वाधार" ॥*

**भजनी नगरपालिकाको**
**सातौं नगरसभामा**

**नगर उप-प्रमुख छाया देवकोटाले प्रस्तुत गर्नुभएको**

# आ.व. २०७७/०७८को नीति कार्यक्रम तथा बजेट

भजनी नगरपालिकाका
सुदुरपश्चिम प्रदेश, नेपाल
भजनी, कैलाली।

२०७७ असार १०

नगर सभा अधिवेशनका अध्यक्षज्यू, प्रमुख अतिथि एवम सुदुरपश्चिम प्रदेश सरकारका **माननिय मुख्यमन्त्री त्रिलोचन भट्ट**ज्यू, विशिष्ठ अतिथि..........ज्यु प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित नगर कार्यपालिकाका राष्ट्रसेवक सम्पूर्ण कर्मचारी, संचारकर्मी ज्यूहरु ,

- विश्व मानब समुदाय कोभिड-१९ (कोरोना भाइरस) महामारीबाट आक्रान्त भइरहेको वर्तमान अवस्थामा भजनी नगरपालिकाको सातौ नगरसभाको गरिमामय अधिबेशनमा आर्थिक बर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै छु ।

- मुलुकमा भएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका राजनीतिक आन्दोलनमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका खातिर आफ्नो अमुल्य जिवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै, राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।
- कोभिड-१९ महामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समबेदना व्यक्त गर्दछु, उपचारत सम्पूर्ण संक्रमित व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै, कोभिड-१९ महामारीको संक्रमण, नियन्त्रण तथा न्यूनीकरणका लागि दिनरात खटिनुभएका निर्बाचित जनप्रतिनिधिहरु, प्रत्यक्ष उपचार तथा समग्र ब्यबस्थापनमा खटिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, ब्यबस्थापकीय पक्षमा खटिरहनु भएका कर्मचारीहरु, एम्बुलेन्स तथा टिप्पर सन्चालकएवम् कोरोना भाइरस विरुद्धको अभियानमा सहकार्य, आर्थिक तथा भौतिक सहयोग गर्नुहुने सम्पूर्ण, निजि क्षेत्र, संघ संस्था, संचार जगत लगायत ब्यापारी, बुद्धिजीवी, तथा नगरबासी आम जनसमुदायहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

- नेपालको संबिधान जारी भई संघीय शासन प्रणाली कार्यान्वयन भइरहेको सन्दर्भमा हाम्रो नगरपालिका सुशासन र विकासको मार्गमा अघि बढिरहेको छ । यस नगरलाई आत्मनिर्भर बनाउन कृषि, पर्यटन, र लघु उद्योग लगायत समस्त क्षेत्रको विकास र विस्तारको प्रचुर सम्भावनालाई उचित ब्यबस्थापन एवम परिचालन गरि नगरको समग्र विकास र समृद्धिका लागि हामी सबै दृढ संकल्पित छौं ।

- विश्वमा फैलिएको कोभिड-१९ महामारीबाट उत्पन्न समस्याको समाधान गर्नु एउटा प्रमुख चुनौती रहेको छ भने सँगसँगै विकासका कामहरु सुचारु रुपमा अघि बढाउनु अर्को चुनौती रहेको छ ।संघिय सरकार, प्रदेश सरकार, स्थानीय तहहरु, सरकारी तथा गैर सरकारी संघ सस्थाहरु, सहकारी नीजि क्षेत्र, आमसमुदाय लगायत हामी सबैको सामुहिक प्रयासले यि सबै चुनौतीहरुको समाधान गरी शुशासित, सुन्दर र सम्बृद्ध नगरको रुपमा भजनी नगरपालिकालाई रुपान्तरण गर्न सकिन्छ भन्ने विश्वास लिएको छौं ।

**आदरणिय नगर सभाका सदस्यज्यूहरु**

आगामी आ.व. २०७७०७८ को नीति तथा कार्यक्रम तर्जुमाको आधारको रुपमा हामीले विगतका वर्षहरुमा सम्पन्न कार्यहरुलाई लिएको छौ । त्यसैले म अब विगत तर्फ फर्केर यस न.पा.ले सम्पादित कार्यहरुको छोटो समिक्षा यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

१. कोभिड-१९ महामारीको नियन्त्रण तथा रोकथामको लागी वडा स्तरिय र नगरस्तरिय विभिन्न संयन्त्रहरुको निमार्ण गरि प्रभावकारी रुपमा परिचालन गरिएको छ । हालसम्म यस नगरपालिकामा स्वदेश तथा विदेशबाट फर्किएका ३६५२ जनालाई नगर क्षेत्र भित्र विभिन्न ठाउँमा करेन्टाईनमा राखी २६३० जनामा आर.डि.टि टेष्ट गरेकोमा१४७ जनामा पोजेटिभ देखिदा पि.सि.आर. जाँचको लागी पठाईएको र ६ जनामा कोरोना पोजेटीभ देखिएको छ भने १ जना निको भई घर फर्कि सकेका छन र हालसम्म कसैले पनि ज्यान गुमाउनु परेको छैन ।

२. नगरपालिकाले कोभिड-१९ (कोरोना भाईरस) को कारणले देशमा सिर्जित बन्दान्दीको समयमा यस नगर क्षेत्रमा रोजगारविहीन भएका श्रमिक, बिपन्न तथा खाद्य समस्यामा परेका २०९५ घरधुरीलाई प्याकेजमा राहत उपलब्ध गराईएको छ ।

३ नगर क्षेत्रभित्र जम्मा २८ वटा क्वारेन्टाईन संचालनमा रहेकोमा हाल २ वटा बन्द गरिएका छन, हालसम्म करेन्टाईन व्यवस्थापन, रहत वितरण र चेकजाँचमा जम्मा रकम रु.१,२३,०८,९५२ खर्च हुन आएको छ ।

४. यस भजनी नगरपालिका वडा नं. १ स्थित प्राथमिक स्वास्थ्य केन्द्र भजनीलाई स्तरोन्नति गरी आकस्मिक तथा अन्तरंग सेवा सूचारु, डाक्टरको दरबन्दीमा थप, फार्मेसी कक्ष स्थापना, पोष्टमाटम सेवा, नियमित रुपमा एम.वि.वि.एस. डाक्टरहरुद्धारा चेकजाँच, आधुनिक मेडिकल उपकरणहरुको व्यवस्थापन, नपुग वडाहरुमा वर्थिङ्ग सेन्टरको स्थापना गरी जनशक्ति सहित सेवा सुचारु गरिएको छ । साथै, यस नगरपालिकामा सुत्केरीहरुको लागी निःशुल्क एम्बुलेन्स सेवा पनि सुचारु भइरहेको छ ।

५. नगरपालिकालाई आवश्यक नीति, ऐन नियमावली, कार्यविधि, निर्देशिका मध्ये हालसम्म ७ वटा ऐन र २८ वटा नियमावली, कार्यविधि, निर्देशिका तथा आचारसंहिता पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भई सकेका छन र कतिपय ऐन तथा कार्यविधिको विधेयकहरु कार्यपालिकामा विचाराधिन रहेका छन ।

६.यस नगरपालिकामा समायोजन भई आएका कर्मचारीहरु तथा स्थानीय तहको लागी लोकसेवाबाट सिफारिस भई आएका कार्मचारीको सम्बन्धीत पदमा पदस्थापन गर्ने कार्य सम्पन्न भएको छ ।

७. अपाङ्गता भएका व्यक्तिको अपाङ्ग परिचयपत्र वितरण कार्य प्रत्येक वडामा घुम्ती शिविर संचालन गरि विभिन्न प्रकृतीका ४७७ जनालाई उपलब्ध गराई सम्पन्न भएको छ भने हाल नगरपालिकाको कार्यालयबाट महिनाको २ दिन वितरण कार्य भई रहेको छ ।

८. सिचाईको सुविधा बढाई उपादकत्व अभिवृद्धी गर्नकृषि ज्ञान केन्द्रको सहकार्यमा १०८ थान र यस नगरबाट ३६ वटा गरि जम्मा १४४ थान पम्पसेट र बोर वितरण गरिएको छ साथै ३१ थान कृषि ज्ञान केन्द्र र ११ थान नगरबाट गरि जम्मा ४२ थान मोटर र बोर वितरण गरिएको छ ।

९. कृषिमा आधुनिकरण ल्याउन, कृषिमा कृषकको लागत घटाउन र कार्यबोझ घटाई उत्पादकत्व बृद्धि गर्ने उद्देश्यलेमेयर कृषि आधुनिकीकरण परियोजना अन्तरगत कृषि ज्ञान केन्द्रको सहकार्यमा १२५ थानर यस नगरपालिकाबाट २५ वटा गरि जम्मा १५० वटा पावर टिलर वितरण गरीएको छ । साथै किसानहरुलाई ३० थान रिपर, १ थान सोनालिका टेक्टर, २ थान रोटारबेटर, ८ थान पङखा, ३ थान सिड्रिल मेसिन, १ थान लेबलर, १ थान कल्टिभेटर, २ थान हाईरो, २ थान गहुँ थ्रेसर, १ थान ग्रेडिङ्ग मेसिन, २७५ थान ईलेक्ट्रिक स्प्रे ट्याङ्की, ३० थान क्रेट वितरण गरिएको छ ।

१०. पशु सेवा शाखाबाट नियमति रुपमा पशु उपचार सेवा, पशु खोप, कृत्रिम गर्भाधान, भाले पशु बन्ध्याकरणसेवा प्रदान गरिदै आएको छ साथै पशुपालन व्यवसायलाई व्यवसायमुखी र आत्मनिरभर बनाउन यस नगरबाट १० जना लाभांवित हुने गरि बाखा खरिद तथा गोठ सुधारको लागी सात लाख साठी हजार (७,६०,०००) अनुदान रकम प्रदान

गरिएको छ, त्यस्तै बगुंर खरिद तथा गोठ सुधारको लागी १५ जनालाई रु सोह्र लाख अनुदान रकम प्रदान गरिएको छ ।माछा पोखरी निर्माण तथा विस्तारको लागी ८ जनालाई रु. चार लाख अनुदान रकम प्रदान गरिएको छ । गाई/भैसिको गोठ सुधारको लागी ३ जनालाई रु चार लाख पचास हजार अनुदान रकम प्रदान गरिएको छ । प्रदेश सरकारको सहयोग र सहकार्यमा विपन्न तथा सिमान्तकृत समुदायका ७८ जनालाई १४८० वटा छ हप्ते कुखुराका चल्ला प्रदान गरिएको छ ।

११. किसानलाई सहज रुपमा घाँस प्राप्त गर्न २२५ के. जि. वर्षे घाँसको बिउँ र ८० के.जि. डाले तथा बहु वर्षे घाँसको बेर्ना वितरण गरिएको छ ।

१२. यस क्षेत्रका जनतालाई वर्षातको मौषममा नदी वारपार गर्न साह्रै समस्या हुने अवस्थामा २ वटा झुलुंगे पुलको निर्माण सम्पन्न भई सुचारु भएका छन भने २ ठाउँमा झोलुंगे पुलको निर्माण कार्य सुचारु रहेको छ ।

१३. यस न.पा.लाई विभिन्न गाउवस्ती, बजारसंग सडक संजालले जोड्ने कार्यलाई निरन्तरता दिदै हाल सम्ममा २७५८ मिटर कालोपत्रे, ४९,९३० मिटर ग्राभेल र माटो पटानी गर्ने काम भएको छ ।

१४. यस नगरपालिकको एक मात्र महुन्याल बहुमुखी क्याम्पसको स्तरोन्नती गरी आवश्यक भौतिक, शैक्षिक गुणस्तरमा सुधार गरीएको छ  साथै थप पुर्वाधार विकासका कार्यहरु भई रहेका छन ।

१५. यस न.पा. वडा नं. ५ स्थित कर्मेश्वर मा.वि.कुटीमा प्राविधिक धार (ईन्जिनिरिंग अन्तर्गत सब ईन्जिनियर) तथा महुन्याल नमुना मा.वि. भजनीमा कृषि प्राविधिकशिक्षाको पठनपाठन सुचारु भएको छ भने विभिन्न ४ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिएको छ ।

१६. यस क्षेत्रका खेलाडीहरुको सर्वाङ्गिण विकासका लागि रंगशाला निर्माण कार्य अगाडी बढाएको छ ।

१७. यस नगरपालिकाको आधुनिकसुविधा सम्पन्न कार्यालय भवन निर्माण कार्य तिब्र रुपमा अगाडी बढी रहेको छ ।

१८. यस नगरपालिकामा हुने गरेका गतिविधीहरुलाई पारदर्शी, जवाफदेही, बनाउन वेवसाइट मार्फत सार्वजनिक गर्ने गरेको, सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैकिंग प्रणालिबाट भईरहेको छ,यस नगरका सम्पुर्ण वडाहरुमा पञ्जिकरणलाई पुर्ण रुपमा अनलाईन दर्ता गर्ने गरिएको छ ।सम्पुर्ण योजनाको ठेक्का प्रक्रियालाई ई-बिडीङ्ग बाट हुने ब्यवस्था गरिएको छ ।

१९. यस नगरपालिकामा न्यायिक समितिमा यस बर्षमा ५९ वटा मुद्धा दर्ता भएकोमा ३० वटाको सम्पादन भएको, २७ वटा छलफल प्रक्रियामा रहेका, २ वटा अदालतमा पठाइएको छन ।

२०. सुत्केरी महिलाहरुलाई नेपाल सरकारले प्रदान गर्ने सेवा सुविधामा थप रु. ६००।– ( छ सय मात्र) यस न.पा.ले प्रदान गर्दै आएको छ ।

२१. यस क्षेत्रका जनताको माग र आवश्यकतालाई मध्यनजर गरी नेपाल विद्युत प्राधिकरणको वितरण शाखा कार्यालय स्थापना गर्न जग्गा उपलब्ध गराईएको छ ।

२२. छात्रवृत्ति कोष, लैङ्गिक हिंसा निवारण कोष, वाल उद्धार कोष, उपमेयर महिला सुरक्षा कोष व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधी निर्माण गरि कोषको स्थापना गरिएको छन ।

२३. यस नगरक्षेत्रका हिंसा प्रभावित महिलाहरु र असहाय महिलाहरुका लागी  सुरक्षित महिला सेभ हाउसको लागी भवन व्यवस्थापन कार्य भईरहेको छ ।

२४. नगर क्षेत्र भित्र रहेका सम्पुर्ण सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक तह सम्मका वालवालिकाको विद्यालयमा नियमित उपस्थिती गराई अविभावकसँग सम्पर्क स्थापित गर्न दिवा खाजाको लागी नगद रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

२५. कोभिड-१९ को महामारीमा विद्यालय वालवालिकाको पढाईमा परेको असरलाई मध्यनजर गर्दै निशुल्क पाठ्यपुस्तक वितरण कार्य भई रहेको छ साथै विद्यालयमा आधुनीक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न यस नगर क्षेत्रका सम्पुर्ण सामुयिक तथा संस्थागत विद्यालयका प्र.अ. र कम्प्युटर शिक्षकलाई ई.एम.आई.एस. तालिम प्रदान गरिएको छ ।

२६. सिमानाकाहरुमा सिमा सुरक्षाका लागी कुसुमघाट, गुलरियाघाट र हिम्मतपुर घाटका नाकाहरुमा अस्थायी पोष्ट र गुलरियाघाट नाकामा स्थायी पोष्टका लागी भवनहरु निर्माण गरिएका छन ।

**नगरसभा सदस्यज्यूहरु,**

म अब भजनी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम देहायका आधारमा केन्द्रित रही यस गरिमामय नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय सरकार संचालन ऐन,२०७४
- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धी आदेश २०७४को व्यवस्था,
- अन्तर सरकारी वित्तिय हस्तान्तरण ऐन २०७४
- नगरपालिकाले अंगिकार गरेका विभिन्न ऐन, नीति, नियम, कार्यविधी, निर्देशिकाहरु
- संघिय र प्रदेश सरकारबाट प्राप्त अनुदान
- आन्तरिक आय
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन२०७४
- राजस्व परामर्श समितिको निर्णय तथा सिफारिस सहितको प्रतिवेदन,
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस तथा निर्णय,
- विगतको नगरसभाबाट भएका निर्णयहरु,
- नगरवासीहरुको विकासको अपेक्षा
- नागरिक समाजका सुझावहरु

## आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम :

भजनी नगरपालिकाको नीति, कार्यक्रम तथा बजेटलाई नेपालको संविधान, संघीय आवधिक योजना, प्रदेश आवधिक योजना र यस नगरपालिकाले बनाएका विभिन्न योजना, रणनीतिहरुलाई कार्यान्वयन गर्ने गरी आगामी वर्षको नीति तथा कार्यक्रम निर्माण गरिएको छ । अब म भजनी नगरपालिकाको दीर्घकालिन विकासलाई तथा कोभिड-१९

महामारीको नियन्त्रण तथा रोकथाम गर्ने कार्यलाई मध्यनजर गरेर बनाईएको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न चाहन्छु ।

## १. स्वास्थ्य विकास नीति :

१.१ कोभिड-१९ को रोकथाम र उपचारका लागी भजनी प्रा.स्वा. केन्द्र, स्वास्थ्य चौकीहरु, शहरी स्वास्थ्य केन्द्रलाई थप व्यवस्थापन गरिने छ । साथै छिमेकी स्थानीय तह र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने नीति लिईने छ ।

१.२ कोभिड-१९ महामारीका कारण जनमानसमा परेको मानसिक तनावलाई व्यवस्थापन गर्नको निम्ती प्रदेश सरकारसँग समन्वय गरि तनाव व्यवस्थापन तथा परार्मश सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

१.३ असुरक्षित मातृत्व, उच्च मातृ तथा शिशु मृत्युदर, विभिन्न रोगहरुको रोकथाम र उपचार गर्न सेवा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । साथै गम्भिर प्रकृतीका रोग भएका विरामीहरुको उपचारका लागी आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१.४ सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी क्षेत्रको सहकार्य र समन्वयमा एकीकृत स्वास्थ्य शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

१.५ सिकलसेल एनिमिया रोगको निदान एवम् उपचारको कार्यलाई थप व्यवस्थित गरिनेछ ।

१.६लालवोझी आयुर्वेद औषधालय लालवोझीलाई थप व्यवस्थित गर्दै एलोप्याथिक, होमोप्याथीक अक्युपञ्चर प्राकृतिक चिकित्सा तथा बैकल्पिक चिकित्सा प्रणालीहरूको संरक्षण, सम्बर्दन र विकास गरिनेछ ।"योग गरौं स्वास्थ्य रहौं" भन्ने नाराका साथ योग शिविर संचालन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

१.७ यस भजनी नगरपालिकामा, जेष्ठ नागरिक, गरिब असाहय गर्भवति, सुत्केरी महिलाहरुलाई **सर्वसुलभ निःशुल्क स्वास्थ्य नगरपालिकाको प्रतिवद्धता**लाई निरन्तरता दिईनेछ ।

१.८ भजनी नगरपालिकाका बालबालिकाहरुलाई कुपोषण रहित बनाउन पोषण कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

१.९ महिला स्वास्थ्य स्वंमसेविकाहरुको सेवाको मूल्यांकन गरी उचित प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

१.१० महिलाहरुको पाठेघर खस्ने रोग सम्बन्धी रोगको उपचारका लागि घुम्ती शिविर संचालन गरिनेछ ।

१.११ जटिल समस्या रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई प्राथमिक स्वास्थ्य केन्द्रसम्म ल्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१.१२ लैङ्गिक हिंसा लगायत अन्य कारणबाट पिडित तथा प्रभावित व्यक्तिहरुमा देखिने मनोसामाजिक तथा मानसिक स्वास्थ्यलाई उचित सम्बोधन गरि उपचारको व्यवस्था मिलाईने छ ।

१.१३ रक्तदान कार्यलाई प्रोत्साहन गर्दै यस नगर क्षेत्रमा बसोवास गर्ने विशेष अवस्थाका नागरिक तथा सेवारत कर्मचारीहरुलाइ आवश्यक पर्ने ब्लड निःशुल्क रुपमा उपलब्ध गराउन विशेष पहल गरिने छ साथै संघ, सस्थाहरुको समन्वयमा ब्लड बैंकको स्थापना गर्न जोड दिईने छ ।

## २. शिक्षा तथाखेलकुदनीती :

२.१ कोभिड-१९ को महामारीबाट वालवालिकामा परेको असरलाई न्युनिकरण गर्न मनोसमाजिक परार्मश तथा बैकल्पिक शिक्षा प्रणाली अवलम्बन गरिने छ ।

२.२ विद्यालय, वडास्तर तथा नगरपालिकाको शैक्षिक प्रशासनिक संरचना लाई थप सदृढ तुल्याई तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र नतिजामूलक अनुगमन तथा कार्य सम्पादनमा आधारित मूल्याकन प्रणालीको विकास गरिनेछ ।

२.३विद्यालय नक्साङ्कनको आधारमा शिक्षक दरवन्दी मिलान, कक्षा संचालन, स्थान परिवर्तन, विद्यालय गाभ्ने, तह मिलान, भौतिक अवस्थाको स्तरोन्नति, छात्रामैत्री शौचालय, विद्यालय घेरवार, गुणस्तरीय रंग रोगन, बालमैत्री फर्निचर, अपाङ्ग मैत्री विद्यालय व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

२.४ सामुदायिक विद्‍यालयहरुले अतिरिक्त क्रियाकलाप अनिवार्य गराउन नगर शिक्षा निति लागु गरिने छ ।

२.५ **"शिक्षित जनता भजनीको शान, गुणस्तरिय शिक्षा हाम्रो अभियान"** भन्ने नारालाई आत्मसात गर्दै आगामी आ.व.मा विद्यालय उमेर समुहका सबै वालवालिकालाई विद्यालय पहुँचको सुनिश्चितताको साथै पुर्ण साक्षर नगर घोषणा गर्ने गरि विवरण सङकलन र विशेष कार्यक्रम संचालन गरिनेछ ।

२.६ उच्च शिक्षामा अध्ययनरत मुक्त कमैयाका वालवालिका, कमलरी, आर्थिक रुपले विपन्न, पिछडिएका आदिवासी, लोपोन्नमुख, सिमान्तकृत, जनजाती, दलित, सहिद परिवारका वालवालिका,वेपत्ता पारिएका परिवारका वालवालिका, अपाङ्गता भएका वालवालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२.७नगर क्षेत्रमा रहेका क्याम्पसको दिगो व्यवस्थापनका लागी पहल गरिनेछ ।साथै विद्यालयहरुमा व्यवसायिक र प्राविधिक शिक्षाको अध्यापनका लागी आवश्यक पहल गरिने छ ।

२.८नगर क्षेत्रमा रहेका सामुदायिक सिकाई केन्द्रहरु तथा सामुदायिक पुस्तकालयलाई थप सुदृढीकरण र व्यवस्थीत गरिनेछ ।

२.९ सामुदायिक विद्यालयहरुमा सुचना तथा संचार प्रविधि र आधुनीक शैक्षिक सामाग्रीकोप्रयोगमा प्राथमिकता दिईने छ । साथै शिक्षक कर्मचारीको सक्षमता तालिम प्रदान गर्दै यस नगरको शिक्षामा गुणस्तरियता अभिवृद्धि गर्ने नीति लिईने छ ।

२.१० प्रारम्भिक वालविकास केन्द्र तथा प्रारम्भिक वाल कक्षाहरुलाई थप सुदृढीकरण गरिनेछ ।

२.११नगर क्षेत्र भित्रका उत्कृष्ट विद्यालय, शिक्षक कर्मचारी तथा विद्यार्थीहरुलाई थप प्रोत्साहित हुन विशेष पुरष्कारको व्यवस्था गरिनेछ ।

२.१२ विद्यालयको भौतिक पुर्वाधार सुधारका साथै विपद जोखिमबाट सुरक्षित बनाईनेछ ।

२.१४ भजनी न.पा.बाट आ.व. २०७५/०७६ मा छनौट भएका नमुना विद्यालयहरुलाई थप सुदृढीकरण गर्दै लगिने छ ।

२.१३ वडा नं. १ मा निर्माणधिन अवस्थामा रहेको खुल्ला मञ्च तथा कवर्ड हललाई निरन्तरता दिईनेछ । साथै खेलकुदको माध्यमबाट खेलाडीहरुलाई हौसला तथा प्रोत्साहित गर्न मेयरकप खेलकुद कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२.१४ नगर खेलकुद विकास समिति गठन गरी नगर क्षेत्रभित्र हुने खेलकुदहरुलाई व्यवस्थीत रुपमा संचालन गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको खेलाडी उत्पादन गरिने लक्ष्य लिईएको छ ।

## ३. कृषि, पशुपंक्षी स्वास्थ्य तथा विकास नीती :

३.१ कोभिड-१९ को महामारीका कारण स्वदेशी तथा बैदेशिक रोजगारी गुमाई वेरोजगार युवा जनशक्तिलाई व्यवसायिक कृषि तथा पशुपक्षी विकास कार्यक्रममा सहभागी गराउदै खाद्यान्न तथा पशु जन्य पदार्थको उत्पादकत्व अभिवृद्धी गर्ने निती लिईने छ।

३.२ **कृषि उत्पादन बढाऔं खाद्यान्नमा आत्मनिर्भर बनौं** भन्ने नाराका साथ यस न.पा.का कृषकहरुलाई आधुनिक कृषि व्यवसायतर्फ उन्मुख वनाइने नीति लिईने छ । विउँ प्रशोधन तथा उत्पादनका लागि कृर्षि सहकारी संस्थाहरु, कृर्षकसमुह समितिसँग मिलेर विशेष कार्यक्रम सञ्चालन गरिनेछ । साथै मौसमी तथा बेमौसमी तरकारी, फलफुल, आलु, चैते धानको खेतीलाई थप प्रोत्साहन गरिनेछ र कृषि विविधिकरण गर्दै लिने नीति लिईने छ।

३.३ "मेयर नमुना गाउँ कृषि कार्यक्रम" मार्फत एकिकृत उत्पादन तथा व्यावसायिक कृषि प्रणालीमा जोड दिईनेछ।

३.४ जैविक (Organic) खेति प्रणालीलाई प्रोत्साहन गरिने छ, साथै प्रांगारिक उत्पादनहरु पाइने पसलहरु सञ्चालन गर्न स्थानीय समुदाय वा सहकारीलाई आवश्यक सहयोग प्रदान गरिनेछ।

३.५ कृषि तथा पशु जन्य पदार्थको उत्पादकत्व अभिबृद्धि एवं बजार प्रवर्द्धनका लागि कृषि तथा पशु हाटबजार, पशु बधशाला, शितभण्डरण, बिउ बैंक र प्रशोधन केन्द्रको निर्माणका लागी कार्यकम सञ्चालन तथा निरन्तरता दिईनेछ। साथै कृषकले उत्पादन गरेको खाद्यान्न तथा पशु जन्य पदार्थको समयमा नै उचित मूल्य निर्धारणका लागी आवश्यक पहल गरीने छ।

३.६ बाली बिमा, पशु विमा कार्यक्रम संचालन गर्दै वालीरोग नियन्त्रण र पशुपंक्षी रोग नियन्त्रणका कार्यक्रम निरन्तर रुपमा संचालन गर्ने निती लिईने छ।

३.७ किसानहरुलाई व्यवसायिक कृषि प्रणाली तर्फ उन्मुख गराउदै खाद्य तथा नगदे वालीको उत्पादन र उत्पदकत्व अभिवृद्धी गर्न तथा कृषि यन्त्रीकरण प्रबर्द्धन गर्न **कृषि पकेट तथा ब्लक**कार्यक्रमलाई निरन्तरता दिईने छ।

३.८ पशुपंक्षी फर्म, कृर्षि फर्म, व्यावसायिक कृषकहरुको तथ्याङ्क संकलन गरि व्यावसायिक कृषक परिचयपत्र जारी गरिने र सक्षमताको लागी व्यावसायिक तालिम प्रदान गरिने छ।

३.९ प्राकृतीक ताल तथा कृत्रिम पोखरीहरुलाई व्यवस्थापन तथा विस्तार गर्दै माछापालन व्यवसाय प्रबर्द्धन मार्फत यस न.पा.लाई आगामी बर्ष भित्रै माछा उत्पादनमा आत्मनिरभर बनाउन आवश्यक पहल गरिने छ।

३.१० प्राईभेट रुपमा संचालन गरेका पाराभेटहरुलाई सक्रिय बनाई पशु स्वास्थ्य, पशु उत्पादन, पशु आहारा कार्यक्रममा सहभागी गराउन प्रोत्साहन कार्यक्रम संचालन गरिने छ।

३.११ सामुदायिक पशुको रेखदेख तथा व्यवस्थापनको लागी तथ्याङ्क अध्यावधिक गरि पशु स्वास्थ्य, नश्ल सुधार, आहारा व्यवस्थापन तथा पशु विमा सम्बन्धी कार्यक्रम संचालन गरिने छ।

३.१२ पशु पंक्षीको उपचार, रोग निदान, कृत्रिम गर्भाधान केन्द्र संचालन कार्य सुदृढ बनाउन निश्चित स्थानको छनौट गरि भवन निर्माणको लागी प्रक्रिया अगाडी बढाईने छ।

## ४. कानूनी मामिला तथा न्यायिक समिति :

४.१ स्थानीय तहको अदालतलाई मेलमिलाप अदालतका रुपमा विकास गरी स्थानीय मुद्दाहरुलाई वार्ता, मध्यस्थता, छलफल, क्षमादान, आपसी समझदारी, सहिष्णुता र सुझवुझपूर्ण तवरले मेलमिलापको बिधिबाट समस्या समाधान गरि झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरिनेछ ।

४.२ न्यायिक समितिको व्यवस्थित इजलास बनाई जनशक्तियुक्त र स्रोत साधन सम्पन्न वनाउँदै जनतालाई छिटो, छरितो न्याय प्रदान गर्ने कामलाई प्रभावकारी ढँगले अगाडि वढाइनेछ । साथै न्यायिक प्रक्रिया सम्बन्धि तालिम, गोष्ठि र भ्रमणको आयोजना गरिने छ ।

४.३ निष्पक्षता बृद्धि गर्न मेलमिलापकर्ता आंचार संहिता निर्माण तथा मेलमिलाप कर्ताको सूची तयार गरी सक्षमता सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

४.४ न्यायमा सहज पहुंचको लागी हेल्प डेक्स र हेल्प लाईनको व्यवस्था गरिने छ साथै कानुनी सचेतना अभिवृद्धीको लागी विषेश कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।

**५ लैगिङ्ग समानता र महिला, वालवालिका, अपाङ्गता, जेष्ठ नगरिक सुरक्षा तथा सशक्तिकरण नीतिः**

५.१ सबै प्रकारका हिंसामा परेका महिलाहरु, विपन्न, असहाय, एकल महिलाको उपचार, पुनर्स्थापना र विपदमा परेका महिला, विपन्न महिलाहरुको सुरक्षा लागि “उपमेयर महिला सुरक्षा कार्यक्रम” र “लैङ्गिक हिंसा निवारण कोष” को स्थापना तथा सञ्चालन गरी महिला सुरक्षा तथा उत्थानमा जोड दिइनेछ ।

५.२ नेपालको संविधान, चालु १५ औं योजना र नेपाल सरकारको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रमले लैगिङ्ग विभेदको अन्त्य गर्दै पछाडी परेको वर्ग तथा समुदाय, दलित आदिवासी जनजाती, पिछडा वर्ग अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेसी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूती गरेको छ । आर्थिक समृद्धी र दिगो विकासका लागी समान अग्रसरता र नेतृत्वदायी भुमिका स्थापीत गर्दै स्रोत, साधन, अवसर, लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

५.३ लैगिङ्ग उतरदायी बजेट विनियोजन पद्धतीलाई संस्थागत गर्दै लगिनेछ ।

५.४ मानव वेचविखन अन्त्य गर्न सचेतनात्मक, उपचारात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

५.५ लैगिक हिंसा (छाउपडी कुप्रथा,बोक्सि कुप्रथा, छुवाछुत कुप्रथा,र अन्य कुप्रथाको) नियन्त्रणकालागी लैंङ्गिक हिंसा नियन्त्रण र हिंसाका घटना व्यवस्थापनका सामुदायिक संयन्त्रहरुलाई सशक्त रुपमा परिचालन गरि सामाजिक अभियानहरु संचालनमा ल्याईनेछ ।

५.६ हिंसा पिडित, विपद पिडीत महिलाको सुरक्षार्थसेफ हाउसको व्यवस्था गरिने छ ।

५.७ विभिन्न प्रकारका हिंसा, प्राकृतिक विपदमा परी मनोवैज्ञनिक रुपमा मानसिक समस्या वा विचलनमा परेका महिला वालवालिकाहरुको लागी मनोसामाजिक परामर्श सेवा प्रदान गरिने छ ।

**क) बालबालिका :**

- भजनी नगरपालिका भित्र बालविवाह अन्त्य गर्ने, श्रमिक वालवालिकाहरुको समुचित व्यवस्थापन गर्ने, सबै किसिमका बालश्रम अन्त्य गर्ने, बालबालिका माथि हुने सवै किसिमका हिंसा शोषण दुर्व्यवहार अन्त्य गर्ने, नगर क्षेत्रमा रहेका सडक वालवालिका, असहाय वालवालिकाको तथ्याङ्क संकलन गरि सडक

बालबालिका मुक्त बनाउने जस्ता कार्य गरी भजनी न.पा.लाई बालमैत्री नगरका रुपमा घोषणा गर्नका लागि सचेतना, सशक्तिकरण एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- अनाथ वालवालिकाहरुलाई अविभावकत्व ग्रहण गर्ने नीति लिईनेछ ।

**ख) अपाङ्ग :**

- अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागी नगरबाट अपाङ्गता लक्षित कार्याक्रमहरु तय गरि सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जिवनयापन र व्यवसायिकताका लागी पुर्नस्थापना, स्वास्थ्यउपचार र सहायक सामाग्रीहरुको व्यवस्था गर्ने नीति लिईनेछ ।
- नगर क्षेत्रभित्रका भौतिक संरचना, यातायात सेवा, साधन स्रोत, सुचना तथा संचार प्रविधिलाई अपाङ्गतामैत्री बनाउने नीति लिईनेछ । साथै अपाङ्गता भएका ब्यक्तिहरुमा हुने सबै किसिमका हिंसा, दुर्व्यवहार जस्ता कार्यहरुको अन्त्य गर्ने कार्यनीति लिईनेछ ।

**ग) ज्येष्ठ नागरिक :**

- ६० वर्ष उमेर पुगेका सबै ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण गरिनेछ ।
- जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई नगर क्षेत्रको विकासमा प्रयोग गर्न वडा स्तरमा जेष्ठ नागरिक समुह र नगरस्तरिय संजाल गठन गरि जेष्ठ नागरिक लक्षित कार्यक्रमहरुलाई थप प्रभावकारी बनाईनेछ ।

## ६. सामाजिक सुरक्षा तथा पंजिकरण नीती :

६.१ संविधानको भवना मर्म अनुरुप नगरपालिका क्षेत्रमा मानव विकास सुचाङ्कको आधारमा पछाडी परेका वर्ग समुदायको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागी लक्षित वर्ग कार्यक्रम संचालन गरिनेछ, सिप तथा क्षमता विकास तालिम संचालन गरिसक्षम बनाउने नीति लिईनेछ ।

६.२ नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको सहयोगमा संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अर्न्तगत संचालन हुने कार्यक्रमहरुलाई थप प्रभावकारी बनाईने छ ।

६.३ पंजिकरण अर्न्तगत व्यक्तिगत घटना घटेको ३५ दिनभित्र सम्बन्धीत वडा कार्यालयको स्थानीय पंजाधिकारीको कार्यालयमा घटना दर्ता गर्न प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिने छ । हस्तलिखित घटना दर्ताका अभिलेखहरु अनलाईन सिस्टममा अभिलेखित गर्न डिजिटलाईजेशन गरि पुराना घटना दर्तालाई व्यवस्थित गर्ने कार्य गरिने छ ।

६.४ नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा भत्तालाई यस आ.व. देखि वैंकिङ प्रणालीबाट प्रदान गरिदै आएकोमा यसलाई थप व्यावस्थित गरिने छ ।

## ७. भौतिक पूर्वाधार विकास नीति :

७.१ कोभिड-१९ महामारीको संक्रमण र यसको रोकथामको लागि गरिएको बन्दाबन्दीको कारण यस नगरपालिकाको समग्र अर्थतन्त्रमा पर्न गएको प्रभाब र भविष्यमा पर्न सक्ने असरको क्षति न्यूनीकरण एवम अर्थतन्त्रको पुर्नउत्थानमा सहयोग पुग्ने दिशामा नगरको आर्थिक बर्ष २०७७/७८ को बजेट तथा कार्यक्रमहरु तय गरिनेछ । साथै, यस महामारीका कारण रोकिएका विकास निर्माणका आयोजनालाई आगामी बर्षमा निरन्तरता दिइनेछ ।

७.२ भवन मापदण्ड निर्माण गरी नगर क्षेत्रका निजी तथा सार्वजनिक भवनहरुलाई भुकम्प प्रतिरोधात्मक बनाउन लगाईनेछ । यस नगर क्षेत्र भित्र निर्माण हुने भवनहरुको अनिवार्य नक्सा पास गर्नु पर्ने तथा पुराना भवनहरुको अभिलेखिकरण गर्ने नीति लिईने छ ।

७.३ तुलनात्मक लाभको क्षेत्र, नागरिकको आवश्यकता तथा जनताको लागत सहभागिता जुट्ने योजनाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

**(क) सिचाई तथा खानेपानी :**

७.४ यस नगरक्षेत्र भित्र वैकल्पिक सिचाईको लागी साना तथा मझौला सिचाई परियोजनाको व्यवस्थाको गरिने छ साथै वडा नं. २ मा रहेको काँडा बाँध सिचाई आयोजना, वडा नं. ४ मा रहेको लौकाभौका तथा वडा नं. ९ मा रहेको घोडतालको क्षेत्र विस्तार गरी मर्मत सम्भार र स्तरोन्नतिको लागी आवश्यक पहल गरिनेछ ।

७.५ **स्वच्छ खानेपानी , स्वस्थ जीवन** लाई सार्थकता प्रदान गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी नगरका सम्पुर्ण वडामा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

**(ख) सडक तथा पुल :**

७.६ यस नगरपालिकाको कृषि सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

७.७ पुल हाल्नु पर्ने स्थानको सम्भाव्यता अध्ययन गरी आवश्यकता अनुसार थप पक्कि तथा झुलुङ्गे पुल निर्माण गरिनेछ ।

७.८**एक वडा एक पक्कि सडक**अनिवार्य निमार्णको नीतीलाई निरन्तरता दिईने छ ।

७.९ भजनी नगर क्षेत्र समेटिने गरी नगर चक्रपथ निर्माणको कार्यलाई तिव्रता दिईने छ ।

७.१० नेपाल भारत सिमामा रहेको भजनी न.पा. ५ को मोहना नदी र कान्द्रा नदिको भुरुवाघाटमा पक्कि पुल निर्माणका लागी संघिय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

## ८आर्थिक विकास र समृद्धि नीतिः :

८.१कोभिड-१९ महामारीको संक्रमण र यसको प्रभावले स्वदेश तथा विदेशमा रोजगार गुमाएका व्यक्तिहरुको रोजगार अभिबृद्धि मार्फत आयआर्जन बढाई अर्थतन्त्रलाई गतिशील र चलायमान गराउने दिशातर्फ बजेट तथा कार्यक्रमहरु केन्द्रित हुनेछन ।

८.२ नगर क्षेत्रलाई आर्थिक समृद्धि र अवसरका केन्द्रको रुपमा विकास गर्न वित्तीय, शैक्षिक, वाणिज्य, पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण बनाईनेछ ।

८.३. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको ज्ञान सिप, वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न युवा वैज्ञानिकहरू र अनुसन्धानकर्ताहरूको रचनात्मक कार्यहरूमा आवश्यक सहयोग पुऱ्याइनेछ ।

८.४ योजना निर्माण तथा कार्यान्वयनमा विकासको साझेदारका रुपमा रहेका नीजि, सहकारी, गैर सरकारी तथा सामाजिक संघ संस्था, सामुदायिक संस्था, लगायतका निकायहरुको सहभागीता, साझेदारी र सहकार्यको नीति लिई बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

## ९. राजश्व परिचालन नीति :

९.१ नगरपालिकाको आर्थिक समृद्धिलाई बलियो बनाई विकासका पूर्वाधारहरु दिगो रुपले संचालन गर्न जनताले तिर्ने कर र सम्भाव्यता अध्यायनगरी प्रगतीशिल कर प्रणाली लागु गरि करको दायरालाई फराकिलो बनाईने छ ।

९.२. भजनी नगरपालिकाको आर्थिक विकास, समुन्नत र समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्न संघिय सरकारको सहमती र सहकार्यमा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरकारी तथा निजी दातृ संस्था वा निकायबाट आवश्यक अनुदान र ऋण लिने नीति लिईनेछ ।

९.३ राजस्व क्षेत्रको सुधारका लागि नीति तथा संस्थागत क्षमतामा सुधार ल्याईनेछ ।

११.४ नगरपालिकाको महत्वपूर्ण आन्तरिक श्रोतको रुपमा रहेको ताल तलैया, घाट ठेक्कालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

९.५ छोटी भन्सार कार्यालयहरुको व्यवस्थीत तथा पुर्नस्थापना गर्न संघिय र प्रदेश सरकारसंग पहल गरिनेछ ।

९.६ राजश्व सेवालाई थप प्रविधीमैत्री बनाउदै नगरपालिकामा system server राखि प्रत्येक वडाहरुबाट online राजश्व संकलन गर्ने व्यवस्था मिलाईने छ ।

## १० उद्योग तथा वाणिज्य नीति :

१०.१ स्थानीय स्तरमा साना, घरेलु तथा लघु उद्योगलाई प्रोत्साहन गर्न बिशेष सहुलियत दिने नीति अबलम्बन गरीनेछ साथै महिलाद्धारा संचालित साना घरेलु तथा लघु उद्योगलाई थप प्रोत्साहान गरीनेछ ।

१०.२ उद्योग तथा वाणिज्य क्षेत्रको विकास तथा प्रबर्द्धनको लागी सार्वजनिक, निजी साझेदारीको अवधारणा लागु गरिनेछ ।

## ११.सहकारी तथा गरिबी निवारण कार्यक्रम :

११.१ सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै बैंक तथा वितिय संस्थाहरूसंगको सहकार्यमा आर्थिक समृद्धि सार्थक पारिनेछ ।

११.२ दैनीक उपभोग्यवस्तु, मल, बिउबिजन, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिने छ ।

११.३ नागरिकहरूलाई उत्पादन कार्य र आय आर्जनमा सहभागी बनाउन स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थालाई प्रोत्साहन गरिनेछ ।

११.४ नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पानमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न बिशेष नीति अबलम्बन गरीनेछ ।

## १२. श्रम तथा रोजगार नीतिः

१२.१कोभिड-१९ को महामारीका कारण स्वदेश तथा बैदेशिक रोजगारबाट युवाहरु घर फर्किएको अवस्थामा यस नगरले युवा परिचालनको अवसरको रुपमा लिई तिनीहरुको ज्ञान सिप र क्षमताको उच्चतम प्रयोग गर्दै स्वरोजगार कार्यक्रम संचालन गर्ने र युवाहरु विदेसिनुपर्ने अवस्थालाई न्युनिकरण गर्दै लैजाने निती लिईने छ ।

१२.१ आर्थिक, सामाजिक, शैक्षिक हिसावले कमजोर भई वेरोजगारी युवा वर्गहरुका लागि सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा परीक्षा तयारी कक्षा एवं सिपमुलक तालिम संचालन गरिनेछ ।

१२.२ पेशागत समुदायका युवाहरुको परम्परागत सीप, कला संरक्षण सम्वर्द्धन गर्दै तिनको आधुनिकीकरण र व्यवसायीकरण मार्फत रोजगारीको अवसर सिर्जना गरिनेछ ।

१२.३ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न वेरोजगार युवाहरुलाई प्रोत्साहन दिने खालका कार्यक्रम निर्माणमा विशेष जोड दिइने छ ।

## १३ सार्वजनिक तथा सामुदायिक सम्पत्तीको संरक्षण तथा ब्यवस्थापन कार्यक्रम :

१३.१ यस भजनी नगरपालिकाभित्र रहेका सवै सार्वजनिक, सरकारी तथा सामुदायिक जग्गाको लगत संकलन गरी अभिलेखिकरण तयार गर्नेत्यस्तो सार्वजनिक तथा सामुदायिक सम्पत्तिको संरक्षण, व्यवस्थापन र उपयोग सम्वन्धि आवश्यक नीति तथा कार्यक्रम अगाडि वढाइने छ ।

१३.२सार्वजनिक बाटोघाटो, चौर, नहर कुलो, झरनहरु मिचिएको वा हराएको भए कानून अनुसार उक्त ठाउँहरु छुट्याईने छन त्यस्ता सार्वजनिक ठाउहरुमा सार्वजनिक जग्गामा निजी संरचना निर्माण गर्न रोक लगाइने छ । निर्माण भई सकेका संरचनाहरु तत्काल हटाईने छ ।

## १४.वन, भूसंरक्षण, जैविक विविधता तथा पर्यटन नीति :

१४.१ यस नगरपालिकाको वडा नं. ३ र ८ मा रहेको डल्फिन क्षेत्रको गुरुयोजना तयार गरी पर्यटकिय गन्तव्यको रुपमा विकास गर्ने नीति लिईने छ ।

१४.२ नगर क्षेत्रभित्रका ऐतिहासिक सम्पदा, मठ मन्दिर, पर्यटकीय स्थलको रुपमा रहेका धार्मिक स्थल, चौतारी, बरपीपल, खेल मैदान, आदिको संरक्षण तथा यस्ता ऐतिहासिक सांस्कृतिक महत्वका स्थानहरुलाई नगर सम्पदाको रुपमा विकास गरी आन्तरिक एवम् वाह्य पर्यटक भित्राउने आवश्यक पहल गरिनेछ ।

१४.३ नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुको विकास गरी पर्यटकीय क्षेत्रहरुमा नीजि सार्वजनीक साझेदारीमा सडक, बस पार्क, अतिथि गृह, विश्राम स्थल, पुरातत्व तथा कला संस्कृतिको जगेर्ना, शौचालय, खानेपानी लगायतका पूर्वाधार, पर्यटन मार्ग, उद्यान निर्माण गरि पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ । नदी, खोला सिचाईकुलो एवम् ताल तलैयाहरुकोको संरक्षणका लागि आवश्यकता अनुसार मापदण्ड तोकी कार्यन्वयनमा ल्याईने छ ।

१४.४ बहुजातिय,बहुभाषिक बहुसांस्कृतिक तथा बहुधार्मिक रुपले ऐतिहासिक महत्व झल्किने गरी सामाजिक सदभाव कायम राख्न बहुसांस्कृतिक कला केन्द्र तथा संग्रहालयको स्थापनाको लागी आवश्यक पहल गरिनेछ ।

.१४.५ भजनी नगरपालिका क्षेत्रभित्र विभिन्न जातीमा रहेका कला, संस्कृति, भेषभुषा, पहिरन तथा पर्यटकिय क्षेत्रको अध्ययन गरी होमस्टे तथा नमुना बस्ती स्थापना गर्न पहल गरिनेछ।

१४.६ प्राकृतिक स्रोत र सम्पदाको समुचित सदुपयोग गर्दे दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो वन व्यवस्थापन, बसन्ता जैविक मार्गको संरक्षण गर्दै स्वच्छ वातावरण निर्माण अभियानमा जोड दिइनेछ।

१४.७ वन तथा वातावरण संरक्षणका लागि पारिवारिक निजी वन निर्माण, गोबर ग्यास तथा सौर्य उर्जा जस्ता बैकल्पिक उर्जा कार्यक्रम लाई प्रोत्साहन गरिनेछ।

## १५. वातावरण तथा विपद व्यवस्थापन नीति :

१५.१ सुरक्षित ठांउको पहिचान, विपद व्यवस्थापनमा आवश्यक पूर्व तयारी गरी प्राकृतिक जोखिममा परेका नागरिकलाई सुरक्षीत वनाईने नीति लिईने छ।

१५.२ नगर क्षेत्र भित्रका मुख्य नदिहरुमा जैविक तथा आवश्यकता अनुसार तटबन्धन , बृक्षारोपण मार्फत नदि नियन्त्रणलाई प्रार्थमिकता दिईनेछ।

१५.३ भजनी नगरपालिकालाई सफा, सुन्दर नगरपालिका बनाउन वडा तथा टोलमा नियमित सरसफाई कार्यक्रम संचालन गरिनेछ।

१५.४ फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट तोकी फोहोर व्यवस्थापनगरिनेछ

१५.५ बजार क्षेत्र र सार्वजनिक स्थलहरुमा क्रमशः सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र संचालन एवं व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ।

१५.६ अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्दै सुन्दर नगर, सभ्यसमाज निर्माण गर्न वातावरण संरक्षण तथा सम्बर्द्धनका कार्यक्रममा विशेष जोड दिइनेछ।

## १६.जग्गा धनीपुर्जा तथा भू–उपयोग नीतिः

१६.१ नगर क्षेत्रमा रहेका सार्वजानिक जग्गाहरूको लगत लिई आवश्यक प्रक्रिया पुरा गरी संरक्षण गर्ने र नगरपालिकाको स्वामित्वमा ल्याउने नीति अवलम्वन गरिनेछ।

१६.२ भजनी नगरक्षेत्र भित्र अव्यवस्थित बसोवास गरिरहेका सुकम्बासी, मुक्तकमैया, भुमिहिन नागरिकको उचित किसिमको बस्ती व्यवस्थापन गर्न पहल गरिने छ।

१६.३ अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न तथा नगर क्षेत्रमा रहेको नक्साङ्कन सम्बन्धी समस्यालाई समाधान गर्न नयाँ सर्वे नापी कार्यको लागि आवश्यक पहल गरिनेछ।

## १७. सार्वजनिक सेवा प्रवाह, प्रशासन तथा सुशासन :

१७.१ सूचना प्रविधि मैत्री सरकारको अवधारणा अनुरुप नगरपालिकालाई डिजिटल प्रविधिले सुसज्जित वनाइने छ । डिजिटल नोटीस बोर्ड, डिजिटल बडापत्र, मुवाईल एप्लीकेसन, resource map with web mapping को व्यवस्थालाई प्रथामिकता दिईने छ ।

१७.२भजनी नगरपालिकालाई भ्रष्टाचार शुन्य सहनशिलताको संस्कृति भएको क्षेत्रका रुपमा विकास गर्नका लागि **हरेक क्षेत्रमासुशासन सुदृढ प्रशासन** भन्ने नीतिलाई यस नगरपालिकाका साथै यस क्षेत्रमा रहेका सार्वजनिक, निजी,सामुदायिक संघ, सस्थाहरुमा लागु गरिनेछ ।

१७.३विधिको शासन स्थापित गर्दै जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, आर्थिक सुशासन तथा सामाजिक न्यायको सिद्धान्तलाई अंगिकार गरिनेछ साथै यसको लागी आवश्यक ऐन, कानुन, कार्यविधि आदि निर्माण गरि प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।

१७.४नगरको शान्ति सुरक्षा, अमनचैन कायम राख्ने, रात्रीको समयमा गस्ती गर्ने, सार्वजनिक जमिनको सुरक्षा, फूटपाथमा अनाधिकृत पसल राख्न नदिने, जथाभावी पार्किङ्ग गर्न नदिने, मदिरा पसललाई तोकिएको अवधि खोल्न र बन्द गराउने, सार्वजनिक स्थलमा होहल्ला गर्ने, लाउड स्पीकर बजाउने, सार्वजनिक स्थलमा अबैध रुपमा कब्जा जमाउने कामको नियन्त्रण गर्न प्रहरी प्रशासनसँग सहकार्य गरी परिचालनका लागी आवश्यक सहयोग उपलब्ध गराई सुरक्षाको व्यवस्था गरिनेछ । साथै नगरप्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि निर्माण गरि नगरप्रहरीको व्यवस्था गरिनेछ ।

१७.५ नागरिकहरुका गुनासो सुनाई तथा गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै सुशासन कायम गर्न **जनतासँग मेयर** कार्यक्रमलाई निरन्तरता दिदै **महिलासँग उपमेयर** कार्यक्रम संचालन गरिने छ ।

## १८. मानव संशाधन तथा संस्थागत क्षमता विकास नीति :

१८.१ नगरपालिकाका जनप्रतिनिधि, तथा कर्मचारीहरुको क्षमता र वृति विकास गरि प्रभावकारी रुपमा सेवा प्रवाह गर्न पदाधिकारी तथा कर्मचारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण गोष्ठी, भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.२ कर्मचारीहरुलाई पेशा प्रति उत्प्रेरित, कर्तव्यनिष्ठ बनाई कार्यप्रभावकारीता उच्च राख्न प्रोत्साहन भत्ता दिने र कार्यसम्पादन र मुल्याङ्कनका आधारमा उत्कृष्ट कर्मचारीलाई पुरष्कृत गरिनेछ ।

**सभा अध्यक्ष ज्यू,**

समग्र प्रस्तुत नीति तथा कार्यक्रमको कार्यन्वयनबाट यस नगरको सम्पुर्ण नागरिकहरुको सुरक्षा एवं विकास निमार्ण कार्यलाई प्रभावकारी अगाडी बढाउन आगामी आ.व. २०७७।०७८ का लागी देहाय वमोजिम आय व्यय भएको मुल अंश सहितको वजेट आज यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

| क्र.स | आय | रकम रु | व्यय | रकम रु |
|---|---|---|---|---|
| १ | न.पा. आन्तरिक आय | २४७२५००० (दुई करोड सतचालीस लाख पचिस हजार) | चालु खर्च (केन्द्र र वडा तर्फ) | १००००००००. ( दश करोड) |

| | | | | |
|---|---|---|---|---|
| २ | आन्तरिक आय घर जग्गा (रजिस्ट्रेशन) | ४००००००।- (चालिस लाख ) | नगर स्तरीय योजना (पुँजीगत) | १६०८७९८३१ ( सोह्र करोड आठ लाख उनासी हजार आठ सय एकतिस ) |
| ३ | वित्तीय समानीकरण (संघिय) | १४६७०००००० (चौध करोड सत्सठ्ठी लाख ) | वडा स्तरीय योजना (पुँजीगत) | ५००००००० ( पाँच करोड ) |
| ४ | राजस्व बाडफाड बाट प्राप्त (संघिय) | १०५१४४२२० (दश करोड एकाउन्न लाख चवालिस हजार दुई सय बिस) | समपुरक कोष (म्याचिङ्ग फण्ड) | १३२८३३८९ ( एक करोड बत्तीस लाख त्रसयासी हजार तिन सय उनानब्बे ) |
| ५ | शशर्त अनुदान (संघिय) | २२१५०००००० (बाइस करोड पन्द्र लाख) | शशर्त अनुदान (संघिय) | २२१५०००००० (बाइस करोड पन्द्र लाख ) |
| ६ | वित्तीय समानीकरण (प्रदेश ) | ७५३९००० (पचहत्तर लाख उनन्चालीस हजार) | पदाधिकारी दुर्घटनाबिमा कोष | २५००००० (पच्चीस लाख) |
| ७ | राजस्व बाडफाड बाट प्राप्त (प्रदेश) | ३५५५००० (पैतीस लाख पचपन्न हजार) | कर्मचारीकल्याण कोष | ५००००००० (पचास लाख) |
| ८ | प्रदेश सरकार समपुरक अनुदान | ६७९६००० (सत्सठ्ठी लाख छ्यानब्बे हजार ) | प्रदेश सरकार समपुरक अनुदान | ६७९६००० (सत्सठ्ठी लाख ब्बे हजारहजार ) |
| ९ | प्रदेश सरकार विशेष अनुदान | ४८०००००।- ( अठचालिस लाख ) | प्रदेश सरकार विशेष अनुदान | ४८०००००।- ( अठचालिस लाख ) |
| १० | न. पा. अल्या बजेट (संचित कोष खाता) | ४०००००००।- ( चार करोड ) | – | – |
| | **जम्मा रु.** | **५६४७५९२२० (छ्यापन्न करोड सत्वालिस लाख उन्साठी हजार दुई सय विस)** | **जम्मा रु.** | **५६४७५९२२० (छ्यापन्न करोड सत्वालिस लाख उन्साठी हजार दुई सय विस)** |

**सभा अध्यक्षज्यू एवम् सम्पूर्ण सदस्यज्यूहरु ,**

यस नगरको उल्लेखित नीति तथा कार्यक्रमको परिधिभित्र रही आर्थिक वर्ष २०७७/७८ मा सिमित श्रोत र साधनका बाबजुद पनि अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा यस गरिमामय सभामा जानकारी गराउदछु ।

यसै बीच कोभिड-१९ महामारीलाई न्यूनीकरण गर्न र यसले पारेको प्रभावलाई सम्बोधन गर्ने चुनौतीका माझमा यो नीति र कार्यक्रम कार्यन्वयन गर्नुपर्ने अवस्थामा सबै पक्षको सहकार्य र समन्वय आवश्यक छ, यस महामारीको संकटबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रहरुलाई पुनजीवन दिने कार्यमा हामी आवश्यक सबै प्रकारको पहलकदमी लिनेछौंसाथै संघीय सरकार र प्रदेश सरकारले अघि सारेका नीति र कार्यक्रम सन्चालन गर्ने हरेक कृयाकलापमा स्थानीय सरकारले आवश्यक समन्वय गरि अघि बढ्नेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समन्वय, सहयोग पुऱ्याउनु हुने सम्पुर्ण जननिर्वाचित पदाधिकारी, राजनीतिक दल, विज्ञ,राष्ट्रसेवक कर्मचारीहरु, संचार जगत, नागरिक समाज, निजि क्षेत्र, गैरसरकारी संघसस्था र नगरपालिका नागरिक प्रति हार्दिक आभार प्रकट गर्दछु साथै यो नीति तथा कार्यक्रम कार्यन्वयनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राख्दछु ।

छाया देवकोटा
नगर उपप्रमुख
दिनाङ्क २०७७ साल आषाढ १० गते